# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके

पत्र संख्या नं. :
चलानी नं.:

मितिः २०८२/०६/०५ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
तिलक गाउँले
रेजिना मल्ल
करुणा शाह

सचिव
कृष्ण औली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भजनराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यद्धुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेख

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सचिव एवम् गोरखापत्र राष्ट्रिय दैनिकमा कार्यरत गोविन्द शर्मामाथि रिपोर्टिङको क्रममा असोज ५ गते आइतबार जिल्ला प्रशासन कार्यालय बाँके परिसरमा भएको दुर्व्यवहारप्रति नेपाल पत्रकार महासंघ बाँके शाखाको ध्यानाकर्षण भएको छ ।

जेन-जी आन्दोलनमा भदौ २४ गते आगजनी गरिएको जिल्ला प्रशासन कार्यालय बाँकेको पछिल्लो अवस्थाबारे रिपोर्टिङका क्रममा (तस्विर लिन खोज्दा) बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले अनुमति नलिएर किन तस्विर लिएको भन्दै अस्वभाविक व्यवहार देखाएको घटनाले आफूलाई असुरक्षित महसुस गराएको बाँके शाखाका साधारण सदस्य समेत रहनुभएका शर्माले बताउनुभएको छ ।

परिचय दिँदादिँदै पनि प्रमुख जिल्ला अधिकारी जोशीले सुरक्षाकर्मीलाई के हेरेर बसेको भनेर निर्देशन गर्नुले स्वतन्त्र पत्रकारितामा अवरोध गरेको र आफूलाई आतंकित बनाएको महसुस भएको उहाँको भनाई छ ।

नेपाल पत्रकार महासंघ बाँके शाखा उक्त घटनाप्रति खेद व्यक्त गर्दै आगामी दिनमा यस्ता घटनाको पुनरावृत्ति नहोस् भन्नेतर्फ ध्यानाकर्षण गराउँदछ । साथै सञ्चारमैत्री तथा सुरक्षित वातावरण निर्माणका लागि सम्बद्ध सबैमा अपिल गर्दछौं ।

कृष्ण औली
सचिव


कार्यालयः नेपालगञ्ज उपमहानगरपालिका-५, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६७७७ E-mail: fnjbankebranch@gmail.com